**Karnali Outlook: Knowledge Across Disciplines (KOKAD)**
Peer-Reviewed, Open Access Journal
ISSN: 3102-0844, Volume 1, Issue 1, February 2026, pp.231-240
Indexed in Nepal Journals Online
Published by Social Study Center Nepal (SSCN)
**Reviewed Article**

# महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'कुञ्जिनी' खण्डकाव्यमा मानवतावाद

**सर्पराज रोकाय**
भेरी बहुमुखी क्याम्पस गुमी, सुर्खेत,मध्यपश्चिम विश्वविद्यालय, नेपाल
Email: rrokayas1234@gmail.com

**Article History:** Received: 5 October 2025, Revised: 5 September 2025, Accepted: 20 January 2026
Corresponding Sarparaj Rokaya 🖂: rrokayas1234@gmail.com
**Copyright Information:** Copyright 2026 © The author(s). This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

**सार**

*प्रस्तुत अनुसन्धानात्मक लेखमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'कुञ्जिनी खण्डकाव्यमा मानवतावादको विश्लेषण गरिएको छ । 'कुञ्जिनी' खण्डकाव्यमा मानवतावादको अवस्थामा देखा परेका समस्याहरुको विश्लेषण गरी त्यसमा आउने समस्याहरुको समाधानका लागि उपायहरु समेत प्रस्तुत गरिएको छ । प्रस्तुत विषयसँग सम्बन्धित विद्यार्थी अनुसन्धानकर्ता र अन्य जिज्ञासुहरुलाई स्रोत सामग्री उपयोगी हुने कुराको समेत निष्कर्ष निकालिएको छ । यस अनुसन्धान कार्यले गुणात्मक विधिलाई अवलम्बन गरेको छ । यस अध्ययनमा 'कुञ्जिनी' खण्डकाव्यलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ र त्यससग सम्बन्धित अन्य पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, लेख रचना, शोधपत्रलाई द्वितीय सामग्रीका रूपमा लिएको छ । प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधिलाई लिएको छ । मानवतावाद भनेको मानवमा हुनु पर्ने महत्वपूर्ण गुण हो जसका आधारमा मानिस र अन्य प्राणीकाबिचको अन्तरलाई छुट्याइएको छ । मानवले मानवलाई मात्र नभएर प्रकृतिलाई पनि माया गर्ने गर्दछ । एक अर्काको माया र ममताविना कोही कसैले आफ्नो जीविको आर्जन गर्न सक्दैन । मानवतावादले यो संसारमा रहेका सबै मानिसलाई एक अर्काको समस्याप्रति सजक हुन सचेत बनाएको छ । मानवताविना कुनै कार्य गर्न सम्भव छैन जहाँ मानवता छ त्यहाँ सबै चिज छ । मानवतावादले गर्दा नै एक अर्काको मानवीय सम्बन्धलाई बलियो बनाउदै लगेको देखिन्छ । मानवतावादले के के गर्दछ यो विना संसार कसरी चल्दछ यसको के महत्व रहेको छ ? र आत्मिक प्रेम र मानवतावाद, राष्ट्रियभाव र मानवतावाद, प्रकृति र मानवतावाद, समाजिक र मानवतावाद र परोपकार र मानवतावादको व्याख्या विश्लेषण गदै यसको शैक्षिक, सांस्कृतिक महत्वलाई स्पष्ट पारिएको छ ।*

**प्रमुख शब्दावली :** मानवतावाद, परिवेश, विश्लेषण, आत्मियप्रेम, खण्डकाव्य

## अध्ययनको पृष्ठभूमि

देवकोटाको 'कुञ्जिनी खण्डकाव्यको वि।सा।२००२ सालमा एक रातमै रचना गरिएको हो । कविले रचना गरेको केही समय पछि यस खण्डकाव्यलाई भक्तबहादुर बुक्सेलरद्धारा प्रकाशमा आएको हो । यस खण्डकाव्यमा कवि वि।सा। १९९७ सालतिर आफ्नो स्वास्थ्यमा समस्या आएका कारण हावापानी फेर्नका लागि मामा ससूराली झिल्टुङ गाउँ जादा त्यहाँको प्रकृति सौन्दर्यलाई सँङगालेर राखेका थिए । त्यसको प्रेरणा स्वरुप यस खण्डकाव्यको रचना हुन पुगेको हो । 'मुनामदन र लूनीको जस्तै अलाप विलाप गरेको अवस्थाका आधारमा काव्यको रचना हुन गएको हो । यस खण्डकाव्यकी नायिका कुञ्जिनी र नायक गोरेका बिचमा सम्बन्ध विच्छेद गराएर गोरे सेनामा भर्ना भई लडाइँमा गएको मौका छोपी ठालु सिंहले आफ्नो छोरीलाई सेते सँग विवाह गर्न खोज्दा कुञ्जिनीले त्रिशूलीमा हामफालेको घट्नाले कौतुहलताको अवस्था सिर्जना गरेको छ । यस खण्डकाव्यले मानव भएर मानवताको व्यवहार गर्नु पर्दछ भन्ने सन्देश दिइएको छ । मानव भएर कोही कसैलाई जवजस्ती तरिकाले उसको इच्छा विपरित काम गर्न लगाउनु हुदैन भन्ने विषय वस्तुलाई पनि प्राथमिकता दिइएको छ । यसले मानवमा हुनु पर्ने न्यूनतम् गुण नभएको कुराको सङ्केत गरेको छ । यस खण्डकाव्यमा करुण रसले प्राथमिकता पाएको छ । यस खण्डकाव्यले सबै नेपाली युवा युवतीलाई एक अर्काप्रति आकर्षित भएको सन्देश दिनुका साथै सबै अभिभावकहरुलाई आफ्नो छोराछोरीका प्रेमप्रति हस्तक्षेप गर्न नहुने कुरामा पनि सजकता दिएको छ । कोही कसैले कसैको इच्छा विपरित काम गर्न हुदैन भन्ने कुरालाई पनि स्पष्ट रूपमा खुलाएको छ । सबै अभिभावकहरुले आफ्ना बालबालिकाको मनोभावनालाई राम्रोसँग बुझेर अगाडि बढनु पर्दछ भन्ने सन्देश दिन खोजेको छ । स्तुत खण्डकाव्यले मानवताको सुख दुःख र संघर्षको यथार्थलाई उल्लेख गरेको छ । यस खण्डकाव्यले अन्यायप्रति असहमती प्रकट गरेको छ । नारी, मातृत्व, र संवेदनाको भावनालाई समावेश गरेको छ । यस काव्यमा कमजोर, पीडित र उपेक्षित मानवप्रति सहानुभूति र करुणभाव व्याक्त गरिएको छ । समाजमा रहेको जाति, वर्ग, धमै, पेसा, आर्थिक र समाजिक स्तरभन्दा माथि उठेर मानवतालाई प्राथमिकता दिनु पर्दछ भन्ने विषयलाई समावेश गरेको छ । मानवलाई समाजको संवेदनशील, विवेकशील र मूल्यवान् अस्तित्वका प्राणी रूपमा स्वीकार गरिएको छ । मानवतावाद र समाजिक चेतनालाई एक अर्काका परिपुरकको विषयवस्तु बनाएको छ । मानवप्रतिको उत्तरदायित्वलाई सन्तुलित रूपमा प्रस्तुत गर्दै मानवतावादी खण्डकाव्यका रूपमा कुञ्जिनी खण्डकाव्यलाई उच्च स्थानमा राखेको छ । मानवीय संवेदनालाई मानवतावादसँग जोडेर काव्यलाई सार्थक बनाएको छ ।

समाजप्रतिको विकृति र विसंगतिमाथि सचेत दृष्टिकोण राखेको छ । सबैले एक अर्काका मानवीय व्यावहारमाथि हस्तक्षेप गर्न हुदैन भन्ने कुराको सन्देश दिइएको छ । यस खण्डकाव्यलाई आदि, मध्य र अन्त्य गरी तिन भागमा विभाजन गरिएको छ ।

**आदि भाग**

आदि भागलाई निम्नानुसार स्पष्ट पारिएको छ

- झिल्टुङ भन्ने पहाडको फेदीमा रहेको कोल्पु खोलाको किनारमा वशन्त ऋतुको समयमा नायक गोरे राउत घाँस काटेर फर्कदा कुञ्जिनीका निम्ति आफ्नो हृदय रुन्छ भन्ने भाव प्रकट गर्नु,
- नायक गोरे राउतले नायिका कुञ्जिनीको प्रतीक्षामा बसेको समयमा मनमनै गीत गाउनु र उसले कुञ्जिनी आउदै गरेको देख्नु,
- नायक गोरे राउतले कुञ्जिनीप्रति आफ्नो प्रेमभाव प्रकट गर्नु,
- कुञ्जिनीले पनि गोरेप्रति प्रेमाकर्षित हुनु र यस समयमा प्रकृति सारा उल्लासमय बन्दै जानु,
- कुञ्जिनीले पनि गोरेले आफूप्रति प्रेम प्रकट गरेकोमा गोरेका हर्षोद्गारलाई आत्मसाथ गर्दै जानु,
- गोरेले कुञ्जिनीलाई माग्न आउँदा बाबु 'कुञ्जिनी' ठालु सिंहले गोरेलाई ‘कुञ्जिनी दिन अस्वीकार गर्नु,
- कोल्पुपारि मावल गएकी कुञ्जिनी अबेरसम्म घर आई नपुग्दा र त्यस समयमा बाहिर भीषण वर्षा भई कोल्पुको भेल बढेको देख्दा बाबु ठालु सिंहका मनमन चिन्ता पैदा हुन,
- ठालु सिंहद्धारा अपमानित भएको गोरेले कोल्पुखोलाको तिरमा कुञ्जिनीको प्रतीक्षा गर्नु र कोल्पुखोलाको भेलमा बगिरहेकी कुञ्जिनीलाई आफूले आफ्नो ज्यानको प्रवाह नगरी भेलमा हाम फालेर पौडी खेली कुञ्जिनीलाई बचाउनु,
- बाबु ठालु सिंहले कुञ्जिनीलाई गोरेका दिन मञ्जुर हुनु ।

**मध्य भाग**

मध्य भागलाई निम्नानुसार स्पष्ट पारिएको छ

- कुञ्जिनीससँगविवाह हुने आशाले गोरे राउत आनन्दित र खुसी हुनु,
- कुञ्जिनीले पनि सानीमा सिन्धुसँग आफ्नो आनन्द प्रकट गर्नु,
- देशले सोह् वर्ष नाघेका ठिटाहरुलाई जर्मनको धावामा जान डाकेकोमा गोरेले पनि जर्मनको लडाइँमा जानुपर्ने कुरा सुने पछि कुञ्जिनीलाई ज्वरो आउनु,
- गोरेले राजाका हुकुमको पालना गर्नु मर्दको मर्का हो भन्ने राष्ट्रवादी बिचारद्धारा लडाइँमा जाने बेलामा कुञ्जिनीलाई सम्झाउनु र कुञ्जिनी शोकविहव्ल हुनु,
- गोरे राउत जर्मनको लडाइमा गए पछि कुञ्जिनीमा चिन्ता बढदै जानु, उसले आफ्नो विरह सानीमा सिन्धुसग पोख्ता सानीमा सिन्धुले कुञ्जिनीलाई सम्झाउनु,
- जर्मनको लडाइमा गएको पल्टन चन्द्रागिरि पुग्नु, गोरेले कुञ्जिनीलाई सम्झिनु र मानवीर गुरुङले गोरेलाई आश्वास्त तुल्याउने प्रयास गर्नु,
- कुञ्जिनीको बुबा ठालु सिंहले हिन्दूस्थान गइसकेको गोरे नफर्कने डर देखाइ कुञ्जिनीलाई गोरेको प्रतीक्षा नगरी गजुरीका लखन लेप्टेनको छोरा सेतेसग विवाह गर्न सम्झाउने प्रयास गरी बिहेको कुरा छिन्न आफू गजुरीतिर जानु र कुञ्जिनीको दिल रुनु,
- बाबु ठालु सिंहका बचले हृदय चिरिएकी कुञ्जिनीले विष खाएर मरुझैं गर्नु,
- कुञ्जिनीको दयनीय अवस्था देखेर सानीमा सिन्धलु गजुरी पिँडामा कुञ्जिनीको विवाहको कुरो छिन्न गएका बाबु ठालु सिंहलाई कुञ्जिनीको खराव अवस्थाका बारेमा बताउन हिँड्नु
- बहादुर खड्काका घरमा कुञ्जिनीको बिहे लखन लेप्टेनको छोरा सेतेसँग हुने कुरो छिनिनु र त्यहाँ पुगेकी विधवा सिन्धुलाई हप्काउँदै ठालु सिंह आफ्नो घर फर्कनु,

- आफ्नो बिहे सेतेसँग हुने कुरो सुनेर कुञ्जिनीको हृदय छियाछिया हुनु र सानीमा सिन्धु पनि शोकविह्वल बन्नु,
- बजरिस्तानमा पठानसँग गोर्खालीको जम्काभेट हुनु र गोरे घाइते हुनु,
- बजरिस्तानको अस्पतालमा गोरे र मानवीर गुरुङ दुबैजना घाइते हुनु, दुबै जनाले नेपाल सम्झनु, गोरे राउतको हालत विग्रँदै जानु, गोरेले कुञ्जिनीलाई घाटमा लगेको सपना देख्नु, गोरेले कुञ्जिनी, बुढा बाजे र सानुबाबुका निम्ति सन्देश दिँदै 'कुञ्जि.....कुञ्जि....भन्दै प्राणत्याग गर्नु ।

**अन्त्य भाग**

अन्त्य भागलाई निम्नानुसार स्पष्ट पारिएको छ:

- कुञ्जिनीको बिबाहका निम्ति तयारी गर्नु र कुञ्जिनीलाई दुलहीका रुपमा सिँगार्नु तर सबै सिँगारपटारले कुञ्जिनीलाई भतभत पोल्नु अनि उसले सबै सिँगार पटारलाई मुर्दा र चिताको तयारीका रुपमा देख्नु,
- प्रकृतिद्धारा कुञ्जिनीलाई आह्वान गरिनु र कुञ्जिनीका अन्तरकुन्तरमा राधाकृष्णका प्रीतिको बाँसुरी झङ्कार पैदा हुनु अनि सबै दुलहा हेर्न गएका बेला कुञ्जिनी उठेर बाहिर निस्की त्रिशूलीतर्फ जानु,
- कुञ्जिनीले त्रिशूलीमा हामफाल्नु सिन्धुले गुहार माग्नु,
- जन्ती घर फर्कनु, सानीमा सिन्धु रुनु, ठालू सिंह पुत्रीवियोगले व्यथित हुनु र पतिव्रता नारीका आँखामा स्वर्गकी कुञ्जिनीको अमर झिलमिल देखा पर्ने टिप्पणीका साथ कविद्धारायस गोरे–कुञ्जिनीको कथालाई लोकप्रसिद्धिको सन्दर्भ दिई टुङयाउनु ।

**अध्ययन विधि र विश्लेषण ढाँचा**

प्रस्तुत अनुसन्धानात्मक अध्ययनमा पुस्तकालयलाई आधार बनाएर मूल सामग्रीको सङकलन गरिएको छ । यसरी सङ्कलन गरिएका आधिकारिक सामग्रीहरुलाई आधार बनाएर यस अनुसन्धानको अध्ययन तथा विश्लेषण गरिएको छ । व्याख्या विश्लेषणका क्रममा 'कुञ्जिनी खण्डकाव्यमा मानवतावादलाई विविध यथार्थको प्रस्तुतिका लागि मूल दृष्टान्त बनाइएको छ । प्राथमिक सामग्रीका रुपमा देवकोटाको कुञ्जिनी खण्डकाव्यलाई लिइ एको छ भने द्धितीय सामग्रीका रुपमा अनुसन्धान लेखसँग सम्बन्धित अनुसन्धानात्मक लेख, समीक्षा पुस्तक, शोधपत्रहरु र मानवतावादसँग सम्बन्धित रहेका सन्दर्भ पुस्तकहरुको प्रयोग गरिएको छ।यसरी सङ्कलन गरिएका सामग्रीहरुलाई व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिद्धारा निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा गुणात्मक विधिको अवलम्बन गरिएको छ।कृतिको समीक्षा गर्दा कृति बाहेकका सामग्रीहरुलाई पनि प्राथमिकता दिइएको छ।कुञ्जिनी खण्डकाव्यमा मानवतावाद बाहेक अन्य विषयमा यो अध्ययन केन्द्रित रहने छैन ।

**मानवतावादको परिचय**

मानवतावाद मानवलाई केन्द्रमा राख्ने दार्शनिक–सांस्कृतिक चिन्तन हो । यसले मानवको गरिमा स्वतन्त्रता, विवेक, समानता र सुख दुःखलाई उच्च स्थान दिन्छ । ईश्वर, भाग्य र परम्परागत मूल्य मान्यतालाई भन्दा पनि बुद्धि र मानव अनुभवलाई निर्णायक ठान्दछ । कुनै पनि प्रकारको धर्म, जाति, लिङ्ग, वर्ग वा देशका आधारमा हुने भेदभावलाई यसले स्वीकार गर्दैन । दलित, श्रमिक, नारी पीडित वर्गका आवाजलाई न्यायसङ्गत ढङ्गले समावेश गर्दछ । यसमा मानवलाई आफ्ना विचार स्वतन्त्र रूपले राख्ने अवसर दिन्छ।यसले मानवीय संवेदना, प्रेम, करुणा, सहिष्णुता र परोपकारलाई सहानुभूति दिन्छ।कर्मलाई प्राथमिकता दिदै धर्मका आधारमा समाज विभाजन हुने कुराको विरोध गर्दछ । मानवतावाद दर्शनले मानवको मर्यादा ,स्वतन्त्रता, समानता, करुणा, प्रेम र सहअस्तित्वलाई मानवीय मूल्यको सर्वोच्च स्थान दिइएको छ।मानव नै सबै कुराको मापदण्ड हो (प्रोटागोरस, ई.पू. ४५०, पृ ५)मानवतावादका अनुसार जात, धर्म, पेशा, वर्ग, लिङ्ग र सबै भूगोलका मानिसहरुलाई समान हैसियत देख्ने प्रवुति रहेको छ । यसले मानवमा गरिने हिंसा, अन्याय, शोषण र अमानवीय व्यवहारको विरोध गर्दछ । मानव प्रेम नै विश्वको सर्वोच्च धर्म हो (ठाकुर, सन् १९१० पृ.५८) सबै मानवको सुख, दुःख अनुभूति गर्न सक्ने संवेदनशील प्रणीका रूपमा हेर्ने गरिन्छ । यसले मानिस–मानिसबीच सहानुभूति, सहयोग रभाइचाराको विकासमा सहयोग गर्दछ।मानिस ठुलो दिलले हुन्छ जातले हुदैन (देवकोटा, २०७१,पृ.२०)मानवतावाद भनेको मानवको सम्मान र कल्याणलाई केन्द्रमा राखी शान्त, न्यायपूर्ण र सहअस्तित्वयुक्त समाज निर्माण गर्ने चिन्तन हो । 'कुञ्जिनी'खण्डकाव्यले मानव जीवन, प्रेम, करुणा, सहानुभूति, सामाजिक अन्यायको विरोध, नारी तथा कमजोर वर्गप्रति सम्मान र यथार्थ जीवनलाई केन्द्रमा राखेको छ ।

**पूर्वकार्यको समीक्षा**

'कुञ्जिनी'खण्डकाव्यमा मानवतावादको अवस्थालाई पहिल्याउँदै जाँदा यस खण्डकाव्यले मानवतावादको बारेमा वकालत गरेको छ भन्ने कुरामा दुई मत देखिएको छैन । प्रस्तुत खण्डकाव्यले मानवतावादलाई प्राथमिकता दिइएर अगाडि बढेको छ । यस खण्डकाव्यमा मानवतावादका विषयलाई राम्रोसँकेलाएर त्यसको व्याख्या र विश्लेषण गरेको छ । जोशी (२०१०), द्धारा प्रगति पत्रिकाको दुई प्रतिनिधि कवि शीर्षकको लेखमा देवकोटा र सिद्धिचरण श्रेष्ठका काव्यकृतिका प्रवृति, विशेषता, समानता लगाएत विविध पक्षको तुलना गर्दै देवकोटाका शारदाकालीन वन यात्री फुटकर कविताहरुमा मानव सेवाको भावनालाई जागृत गरेको कुरा उल्लेख गरेका छन् ।

पाण्डे (२०१७), द्धारा 'महाकवि देवकोटा ग्रन्थको दिनदु:खीहरुमा सहानुभूति शीर्षक अन्तर्गत देवकोटा भिखारी किसान कामी दाइलाई गरिब कविताहरुको विवेचना गर्ने क्रममा समाजका निम्नवर्गीय व्यक्तिहरुको जीवनस्तर माथि उठाउनलाई प्रोत्साहन गर्नु पर्दछ, उनीहरुप्रति समाजका सबै वर्गका मानिसहरुले मानवताभाव प्रकट गर्नु पर्दछ भन्ने कुरा उल्लेख गरेका छन् । श्रेष्ठ (२०२५), द्धारा भानु पत्रिकामा प्रकाशित महाकवि देवकोटामा अङ्ग्रेजी रोमान्टिक कविहरुको प्रभाव शीर्षकको समीक्षात्मक लेखमा महाकवि देवकोटामा पश्चिमी स्वच्छन्दतावादी कविहरुको प्रभाप प्रत्यक्ष रूपमा विषयमा परेको कुरालाई स्पष्ट पारेका छन् । उनले देवकोटा आफ्ना काव्यकृतिमा मानवतावादी भएर देखापरेका छन् । देवकोटाले संसारमा देखापरेका सबै मानवतावादी दृष्टिकोणहरुलाई स्पष्ट रुपले प्रकाशमा ल्याएको कुरा उल्लेख गरेका छन् । पोखरेल (२०२५), द्धारा भानु पत्रिकामा प्रकाशित महाकवि देवकोटाका केही विशेषाङ्कहरु शीर्षकको समीक्षत्मक लेखमा महाकविको प्रतिभाको विषयलाई उल्लेख गर्दै मानवतावादी चिन्तनमा रहेर कविका विशेषताहरु उल्लेख गरेका छन् । प्रस्तुत लेखमा देवकोटालाई मानवताका पुजारी, मानव प्रेमका कल्पकहरु मानिसका अन्तरकुन्तर घाउमा मलमपट्टी लगाउने देवकोटा नै हुन भन्ने कुरा उल्लेख गरिएको छ ।

वाग्ले (२०२७), द्धारा मधुपर्क पत्रिकामा प्रकाशित शाकुन्तल महाकाव्य शीर्षकको समीक्षात्मक लेखमा महाकाव्यको शिल्प, प्रभाव, सामाजिक सन्दर्भ र प्रकृति प्रयोगको माध्यमबाट देवकोटा आस्तिक रुपमा देखापरेका छन् । शाकुन्तल महाकाव्यमा प्रकृति, ईश्वर र वैविध्य चित्र कविले प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । शर्मा (२०२७), द्धारा नेपाली साहित्यको इतिहास नामक कृतिमा 'क्रन्तियुग' अन्तर्गत विविध कविहरुका काव्यहरुको सङ्क्षिप्त गर्ने क्रममा देवकोटाको जीवनी योगदान सेवा सङ्लग्नता काव्यप्रवृति र केही महत्वपूर्ण काव्यकृतिहरुको चर्चा गरेका छन् । सोही क्रममा देवकोटाले धर्म र ईश्वरको व्याख्यामा सुधारवादी धारणा राखेका यात्री र भिखारी जस्ता कवितामा धार्मिक सुधारवादी दर्शनको प्रतिपादन गर्दै शोषित, पीडित पक्षको आवाजलाई उठाएकोले उनका कवितामा मानवता र प्रगतिशील भावहरु देखापरेका प्रसङ्गहरु उल्लेख गरिएको छ । अर्याल (२०३०), द्धारा नेपाली काव्यमा प्रकृति ग्रन्थको 'मानिस र प्रकृति' शीर्षकको लेखमा जननी, भगिनी, सङ्गिनी, सञ्जीवनी आदि जस्ता कृतिहरुको चर्चा गर्नेक्रममा प्रकृति र मानिस बीचको सम्बन्ध एकचित्र गर्न खोजेको कुरा उललेख गरेका छन् । यसमा मानव र प्रकृतिबीचको गहिरो सम्बन्धलाई उल्लेख गरेका छन् । तर मानवतावाद भएको कुरालाई खासै चर्चा गरेका छैनन् । त्रिपाठी (२०३२), द्धारा सिंहावलोकन ग्रन्थको महाकवि देवकोटा र नेपाली कवितामा प्रप्ति शीर्षकको समीक्षात्मक देवकोटाको बहुआयामिक व्यक्तित्वका बारेमा चर्चा गरेका छन् यसै क्रममा देवकोटाका शारदाकालीन आस्तिक र प्रकृतिवादी मानवताका रुपमा देखापरेका छन् भन्ने कुरा प्रकाश पारेका छन् । प्रस्तुत लेखमा ईश्वर र प्रकृति रहेको र प्रकृतिकेन्द्री मानवतावादी, ईश्वरकेन्द्री मानवतावाद भएको निष्कर्ष निकालिएको छ ।

भट्टराई (२०३७), द्धारा मधुपर्क पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाः व्यक्ति र कृति लेखमा देवकोटाको व्यक्तित्व र कृतिमाथि सङ्क्षिप्त चर्चा गरेका छन् । यसै क्रममा भट्टराईले देवकोटा मानवतावादी हुन भन्ने कुरा वन, यात्री, मुनामदन जस्ता कृतिहरुमा उल्लेख भएका केही हरफले देवकोटाको जीवन दर्शन मानवतावादी छ, मानिसको उपकार, सेवामा सबैको भलाई ठान्ने यिनले मानव पे्रमका अभिव्यक्तिलाई प्रभावकारी रुपले उठाएका छन् । देवकोटाले मानवतावादी चिन्तनका सबै पक्षलाई राम्रो सँग समेट्न नसकेको कुरा उल्लेख गरिएको छ । चापागाई (२०३८), द्धारा केही कृतिः केही प्रकृतिमा सङ्कलित मुनामदनको विचार पक्ष शीर्षकको समीक्षात्मक लेखमा खण्डकाव्यको वैचारिक पक्षको चर्चा गर्ने क्रमा देवकोटाले भोटेलाई मानवताको रुपमा उभ्याएर भोटेले जातिएताको विरोध गरेको छ, उसले मानवता जोगाउने हिम्मत गरेको छ भन्दै चापागाईले कविको मानवतावादी दर्शन र आस्तिक मानवतावादी दर्शनलाई अभिव्यञ्जिन भएको निष्कर्ष प्रस्तुत गरेका छन् । जोशी (२०४०), द्धारा कविता चर्चा ग्रन्थअन्तर्गत देवकोटाका भिखारीमा सङ्ग्रहीत कविता शीर्षकको लेखमा कविका २२ वटा कविताहरुको लय, छन्द, अलङ्कार, आयाम, भाव, भाषाशैली, कल्पना,

कवित्वस्तरको छोटो चर्चा गर्नुका साथै यात्री, भिखारी, वन, घाँसी, वृक्ष लगाएतका कवितामा मानवतावादी स्वरलाई प्रकट गरेका छन्। यात्री कवितामा अन्धकार परम्पराप्रतिको विरोध र समाज सुधारको अपेक्षा, भिखारी कवितामा सामाजिक विषमताप्रतिको विरोध, वन कवितामा निस्वार्थ मानवसेवाको भावना, घाँसी कवितामा परलोक सुधार गर्ने परोपकारी कर्म र वृक्ष कवितामा वृक्षजस्तै मानवजीवन सार्थक हुने भावहरु प्रकट गर्दै देवकोटामा मानवतावादभित्र आध्यात्मिक मानवतावाद तथा मानवतावादी भाव अभिव्यक्त भएको निष्कर्ष उल्लेख गरेका छन्। जोशी (२०४५), द्धारा 'नेपाली कवितासङ्ग्रह, भाग २ मा नेपाली कवितामा ईश्वर वा आस्तिकता शीर्षकमा भानुभक्त आचार्य, मातीराम भट्ट, सोमनाथ सिग्देल, लेखनाथ पौडेल र बालकृष्ण समले देवकोटाका काव्यकृतिमा आस्तिकता वा ईश्वरीय भावका सम्बन्धका बारेमा चर्चा गर्दै देवकोटाका कविताले मानवतावादी पृष्ठभूमिको स्थापना गरेका छन्। यस भनाईबाट देवकोटामा मानवतावदी चिन्तन प्रवृति रहेको दृष्टिकोण स्पष्ट पारेका छन्।

**'कुञ्जिनी खण्डकाव्यको विश्लेषण**

महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'कुञ्जिनी खण्डकाव्यले नेपाली ग्रामीण जीवनको सामाजिक यथार्थमा आधारित भएर रचना गरिएको खण्डकाव्य हो। प्रस्तुत खण्डकाव्यलाई गीतीलयमा आधारित भएर रचना गरिएको छ। यस खण्डकाव्यले नेपाली समाजमा रहेको परम्परावादी समाजको यथार्थको चित्रण गरेको छ। यस खण्डकाव्यले समाजमा रहेको वर्गीय भेदभावको विषयलाई सशक्त रूपले प्रस्तुत गरेको छ। समाजमा रहेको यस्तो प्रकारको भेदभावले समाजलाई विखण्डन गरेको छ भन्ने उदाहरणका रूपमा आएको छ।

**आत्मिय प्रेम र मानवतावाद**

प्रस्तुत खण्डकाव्यमा कविले आत्मिय प्रेमलाई शाश्वत सत्य र अमर रुपमा ग्रहण गरी आत्मिक प्रेमभावमा अभिव्यञ्जित गर्दै उच्च आदर्शमानव भावलाई स्पष्ट पारेका छन्। यस खण्डकाव्यमा मानव जीवनका सूक्ष्म संवेदनाहरुलाई कलात्मक ढङ्गले अभिव्यक्त भएको छ। प्रेमलाई सामान्य शारीरिक आकर्षण वा क्षणिक भावनाका रूपमा नभएर प्रेम मनदेखि मनसम्म गहिरो आत्मिक सम्बन्ध स्थापित भएको छ। प्रस्तुत खण्डकाव्यमा उल्लेखित पात्र गोरे राउत र कुञ्जिनी प्रेममा मात्र नभएर सुख दुःखको साझेदारीमा पनि बाँधिएका छन्। यहाँ कुञ्जिनीमा देखिने प्रेम पीडामा पनि कमजोर हुँदैन बरु विषम परिस्थितिमा अझ शुद्ध र सबल मनदेखि करुण पलाएर आएको छ। यसमा प्रेमलाई पवित्र त्यागमय र करुणामय बनाउँदै मानव जीवन उच्च आदर्शमय भएको छ।गोरे राउतसँग आफ्नो मन मिले पछि कुञ्जिनीले आफ्नो जीवनलाई नै आधार बनाएर नारीको प्रतिनिधित्व गर्दै निम्न अभिव्यञ्जित प्रकट भएको छः

'के रैछ हरे ! के हुँला भरे
आफ्नु भन्ने हृदय नामको,
आफ्नै पनि नभई चोरिने
...................................
अर्काकी भई गुमाई आफू,
म भन्नै पनि दिंदैनौं होलाऊ रु
के जात हरे ! अरुले हरिने !'

(देवकोटा, २००२, पृ. १२)

उपर्युक्त श्लोकमा नारीले आफ्नो दाम्पत्य जीवनमा सुखी–आनन्दी बन्ने आधार जुन बेला निर्माण हुन्छ त्यतिबेला नारीले आफ्नो शरीरको अस्तित्व विर्सन थाल्दछिन र पूरै शरीरलाई अर्कामा सुम्पिने गर्दछिन। आफूलाई गुमाएर अर्काको हुन सक्ने र आफूमा आफै हराएर शून्यमा आउन सक्ने विचार प्रकट गरी आत्मिक प्रेममा आदर्शमय दाम्पत्य जीवन रहेको कुरा उल्लेख गरिएको छ। जीवन आर्दश युक्त हुँदा सामाजिक संरचना र मानव सभ्यताको आकार नै फेरिन सक्ने सन्दर्भलाई स्पष्ट पारिएको छ।

गोरेले पनि दाम्पत्य जीवनलाई सुखमय बनाउने चेष्टा यसरी प्रकट गरेको छः

'बेली फूल झैं दिल –दिल मिली दुईटा एकै बैनी, पहाडका दुईटा जोडी
ढुक्कुर कुर्ली वनमा हामी जिउ''लासधैभनी !
(देवकोटा, २००२, पृ.१७)।

उपर्युक्त श्लोकमा गोरे राउतको धनी, सुखी र आदर्शमय दाम्पत्य जीवनमा बाचीरहने कामनामा मानवीय मूल्य र आदर्श प्रस्तुत भएको छ।यसले मानव जीवन र समाजलाई नयाँ गोरेटोको रूपमा प्रकट गरेको छ।गोरेले कोल्पु खोलामा कुञ्जिनीलाई पर्खिरहेको अवस्थामा वर्षाको बाढीमा कुञ्जिनी खोला तर्न खोज्दा उसलाई खोलाले बगाउँदा गोरेले आफ्नो ज्यानको प्रवाह नगरी कुञ्जिनीलाई बाढीको भेलबाट बचाएकोमा पुरुषार्थ भावभन्दा मानवताभाव प्रकट भएको छ । गोरेको मनमा प्रेम र पुरुषार्थ मात्र भएर मानवतार्थ नभएको भए कुञ्जिनीको जीवन समाप्त हुन्थ्यो । कविले गोरेमार्फत मानवता भावलाई प्रस्ट रूपले उठान गरेका छन् । यहाँ पुरुषार्थभन्दा मानवतार्थ भावले प्राथमिकता पाएको छ । कविनिबद्ध प्रौढोक्तिका भावबाट पनि निम्न भावहरु प्रकट भएका छन् ।

'संसार हेर ! भूटको अनुहार झूटोपनको रित्तो छ झिलमिली,
यसका मुखमा खोक्रा छन् हाँसो मुटुभित्र चिन्ताको झिलमिली
(देवकोटा, २००२, पृ.८१)

मानव जीवन सत्यका निम्ति हुनुपर्ने, सत्यले मानव जीवनलाई झिलमिली बनाईदिनु पर्ने, मानव हृदय स्वच्छ र सफा हनुपर्ने, मानव मुस्कान जगतका निम्ति प्रेरणादायी हुनु पर्ने भए तापनि कुञ्जिनीका मनमा खुसी नआएर निराशा नै निराशाले भरिएको छ।नकारात्मकतातिर गएको मानव जीवनलाई सकारात्मकतातिर रुपान्तर हुदै जानु पर्ने कुरा उक्त श्लोकमा उल्लेख गरिएको छ । कविनिबद्ध प्रौढोक्तिका चिन्तनमा आदर्शमय र मानवतावादी रहेको छ ।

पहाडबाट रसाई पानी गाउँले पिउँछन्,
पोल्टाको आसु घुट्काले नारी संसारमा जिउँदछन् ।

(देवकोटा, २००२, पृ.६५)।उपर्युक्त श्लोकमा हाम्रो देशमा रहेका सबै नारीहरुका समस्यालाई सङ्केत गर्दै कविले नारीमाथि समस्या आएका खण्डमा हाम्रो समाजको संरचनालाई खलबलाई दिन्छ भन्ने कथनमा नारीआदर्श र मानवतावादी दर्शन आएको छ । पहाडले पानीलाई प्रदुषणमुक्त बनाएझै नारीहरुले पनि समाजको सुन्दर दृश्यलाई खलबलिन दिदैंनन् । उनीहरु दुःखका आँसु पिउन आफै तयार हुने गर्दछन् । कुनै पनि प्रकारको अमानवीय व्यवहार गर्न मन पराउँदैनन् । नारीहरुमा सहनशीलताको भाव हुने गर्दछ । नारीले समाजको सुन्दरतालाई बढाउने काम गर्दछन् । यी भावहरुबाट उच्च नारी–आदर्श र कर्मवादी दृष्टि अभिव्यञ्जित भएका छन् ।

**राष्ट्रियभाव र मानवतावाद**

मानव जीवनलाई सुखमय बनाउनका लागि राष्ट्र र राष्ट्रियतालाई सधैभरी सुखमय बनाउन आवश्यक देखिन्छ । जीवनलाई वास्तविक रूपमा सुखमय बनाउनका लागि पुरुष र नारीकाबिचको दाम्पत्य प्रेमलाई पनि सफल बनाउनका लागि जीवन पनि सुखमय हुन आवश्यक छ । गोरे राउत र कुञ्जिनीको व्यक्तिगत, पारिवारिक, आत्मिक प्रेमलाई गौण मानी राष्ट्रको आदेश बमोजिम लडाइँमा पठाएको प्रसङ्गलाई राष्ट्रप्रेम मानिएको छ । मानवआदर्शका अतिरिक्त काव्यले स्वकीय आकाङ्क्षालाई सामान्य ठानेको छ । प्रस्तुत खण्डकाव्यमा राष्ट्रप्रेमलाई सङ्कुचन भावका रूपमा मात्र नभएर मानव कल्याणमा आधारित चेतनामा प्रकट भएको छ । देश र जनताप्रति चिन्ता प्रकट भएको छ । मानवीय स्वार्थभन्दा माथि उठेर समाज र मावन जातिको हितमा प्रेरित छ । आफ्ना राष्ट्रलाई केन्द्रमा राखेर राष्ट्रियभाव व्यक्त गर्दछ भन्ने कुरा उल्लेख भएको छ । प्रस्तुत काव्यले शसक्त र न्यायपूर्ण राष्ट्र निर्माणका लागि मानवता अनिवार्य आवश्यक छ भन्ने कुरा उल्लेख छ । मानव कल्याण, सामाजिक न्याय र मानवीय मूल्यको रक्षा नै साचो राष्ट्र प्रेम हो । व्यक्तिगत इच्छा चाहान भन्दा पनि राष्ट्रको मागलाई सर्वोपरी ठान्नु पर्दछ । राष्ट्रको आवश्यकता अनुसार जर्मनको लडाइँमा जानुपर्नेभए पछि गोरे राउतले कुञ्जिनीलाई राष्ट्रवादी भावले यसरी अभिव्यक्ति व्यक्त गरेका छन् ।

'राजाको हुकुम मर्दको रकम हामीहरु देशका सिपाही,
नूनको रीन सोझो हो सुन, गर्नुपर्छ देशको लडाइँ।
(देवकोटा, २००२, पृ.३६)।

राष्ट्र र राष्ट्रियतामा कुनै पनि प्रकारको समस्या देखापरेका खण्डमा नारीले आफ्ना कर्तव्य पूरा गर्नु नै राष्ट्रिय आदर्श हो । राष्ट्रमाथि समस्या आइलागेका खण्डमा सबै नागरिक सिपाही हुन पर्दछ । राष्ट्र रक्षाका लागि नूनको सोझो गर्नु पर्दछ भन्ने नायक गोरे राउतका अवधारणा रहेका छन् । यसलाई नागरिकको कर्तव्यका रुपमा लिइएको छ । राष्ट्रभित्रै रहेर पनि राष्ट्रलाई सबल बनाउने चरित्रमा नागरिक जीवन दुःखहुने र राष्ट्रलाई सबल र सक्षम बनाउन प्रत्येक नागरिकको कर्तव्यमा नै जीवन सुखद रहेको छ भन्ने दृष्टिकोणले

मानवतावादी दर्शनभित्र राष्ट्रहितको विषयले मेल खाएको छ । मानवीय आवश्यकता भन्दा पनि राष्ट्रिय आवश्यकतालाई सर्वोपरी ठान्नु पर्दछ । राष्ट्रमाथि सङ्कट आइपर्दा सबै नागरिक एकजुट हुदै कुनै पनि समस्यालाई निराकरण गर्ने प्रयास गर्नुपर्दछ भन्ने अवधारणा गोरे राउतबाट आएको छ । गोरेले राउतले राष्ट्रवादी भावलाई झल्काउदै मानवआदर्श यस्तो हुनु पर्दछ भन्ने कुरा यसरी स्पष्ट पारेका छन् ।

'यी हाम्री आमा पर्वतस्तनी, स्वर्गकी छन् दूधकी छाँगा ली ।
यिनको नाम, स्वर्गको धाम, राजाको हुकुम प्रजाको काम,
हामी आयौं चिडिया जस्ता, यौटै देशका फूलका हाँगाली ।।
(देवकोटा, २००२, पृ.३६)।

माथिको श्लोकमा हाम्रो देशमा रहेको विभिन्न धर्म, वर्ग, जाति, लिङ्ग लगाएतका विभिन्न पक्षमा एकता कायम गरी सबैमा बन्धुत्वको भावना जागृत गराई प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको मूलुक हो यसलाई उच्च शिरमा राखी सबै कर्म र कर्तव्य हामीबाट नै सञ्चालित हुनु पर्दछ  भन्ने अवधारणा प्रकट गर्दै अन्ततः मानवहितकै सन्दर्भहरु जोडिएर मानवतावादी चिन्तनका साथै उच्च आदर्शभाव जागृत भएको पाईन्छ ।

**प्रकृति र मानवता**

प्रस्तुत खण्डकाव्यमा ममतामयी, मातामयी र करुणामयी नारीका रूपमा उल्लेख गर्दै वात्सल्य प्रेममा मानव जीवन समावेश भएको छ । प्रकृति र मानवको बिचमा गहिरो सम्बन्धलाई प्रस्ट्याइएको छ । प्रकृति र मानव एकताले समाजको हित हुने कुर उल्लेख गरिएको छ । पस्तुत खण्डकाव्यमा प्रकृतिले सौन्दर्यता प्रदान गरेको छ । प्रकृति सुख दुःख र संवेदनाको साक्षी बनेर आएको छ । यसले मानिसलाई स्वार्थ त्यागेर समाजप्रति उत्तरदायी बन्न प्रेरित गरेको छ । मानिसले प्रकृतिसँग सह–अस्तित्व र सन्तुलन कायम गरेर मानव नै साँचो अर्थमा मानवीय संवेदनशीलता  मिलेको छ । मानव र प्रकृति अभिभाज्यका रूपमा आएको छ । प्रकृतिप्रतिको प्रेम, संरक्षण र सम्मान नै मानव जीवनको रक्षा र मानवताको सम्बन्ध रहेको छाखण्डकाव्यमा प्रकृतिलाई राष्ट्रियता र राष्ट्रवादी भावनामा रुपान्तर गर्दै राष्ट्रिय भावनाभित्रै मानवता भावको उद्घाटनमा कविले निम्नानुसार उल्लेख गरेका छन्

'तोते मीठो कलिला ओठका
पहाडका पालुवा कुमार !
यही हाम्रा हरियो हावा
लहराको फुलेको फर्फर !
यिनै हाम्रा लहरे नाता,
हिमाल काधँको स्वर्गको दरबार !
यिनै निम्ति पखेरु उड्ला
फकेटा ली ढाल र तरवार ।
(देवकोटा, २००२, पृ.४९)।

लडाइँको लागि अगाडि बढेको फौजले हिड्दै गर्दा त्यहाँबाट देखिने प्रकृतिका सुन्दरतालाई कविले काव्यमा महत्वपूर्ण भावद्धारा स्पष्ट पारेका छन् । उक्त भावमा राष्ट्रियता, प्रकृति सौन्दर्य, मानवता, ममतामयी माता जस्ता विविध भावहरुलाई स्पष्ट पारेका छन् । राष्ट्रको रक्षाको लागि बलिदान दिनुलाई सामान्य ठानेका छन् । जीवनको वास्तविकरुप मानवआदर्श र राष्ट्रआदर्शको महिमालाई प्रकृतिका माध्यमद्धारा गुणगान गाएका छन् । पहाडी प्रकृतिलाई सिँगार्ने साधनका रुपमा मात्र नलिइएर सुनको मन्दिर, दरबार किल्ला, नेपाली वीरहरुलाई हुर्काउने ठाउँ नेपाली स्वर्गघर भएको अनुभूत दिइएका हुनाले जन्मभूमिको महिमालाई स्वर्गभन्दा उच्च पारिएको छ । कविले प्रकृतिको सुन्दरतालाई राम्रसँग हेरेका छन् । कविको यस्तो प्रकृतिमूलक राष्ट्रवादमा जातिप्रेम, शान्तिप्रेमलाई समेटेर मानवआदर्श तथा मानवताभावको विशिष्टतालाई स्पष्ट पारेका छन् ।

**सामाजिक र मानवतावाद**

प्रस्तुत खण्डकाव्यमा चित्रण गरिएको समाज यथार्थ पौरस्य आदर्शमा आधारित रहेको छ । समाजमा रहेका संस्कृति, रीतिरिवाज, मूल्य मान्यतालाई आदर्शमा प्रतिविम्ब गरिएको छ । यसरी समाजका विविध पक्षलाई मानवीयतामा आधारमा प्रतिबिम्ब

गर्नुलाई स्वभाविक रूपमा लिइएको छ । गोरेले कुञ्जिनीलाई सम्झाउँदा र गोरे जर्मनको लडाइँमा गएको मौका छोपी कुञ्जिनीलाई सेतेसँग विवाह गरिदिन खोज्दा कुञ्जिनीले लिइएको अडानलाई नेपाली समाज र संस्कृतिका आदर्श पक्षका रूपमा लिइएको छ । कुनै पनि समाज र मानबिचमा एकता हुन आवश्यक देखिन्छ । नेपाली समाज र प्रकृति बिचको सम्बन्धलाई स्पष्ट पारेको छ । मानव जीवनसगै संस्कृत पनि जोडिएर आउने गर्दछ । संस्कृति र मूल्य मान्यताले मानवको संरक्षण गरिराखेको हुन्छ । प्रस्तुत खण्डकाव्य समाजमुखी हो । समस्या र विसङ्गतिलाई संवेदनशील ढङ्गले विश्लेषण गरिएको छ । समाजमा रहेका श्रमिक, निमुखा र गरिबहरू जीवनभर परिश्रम गर्दा पनि सुख पाउन नसक्ने अवस्थाप्रति गहिरो पीडा व्यक्त भएको छ । मानिस कुनै पनि समाजबाट अलग रहन सक्दैन र समाजमा नै उसको जीवन पद्धति सञ्चालन हुँने हुँदा समाजलाई अनुसरण गेरेर अगाडि बढनु पर्दछ । आर्थिक असमानताले गर्दा मानव र समाजका बिचको दुरी बढदै गएको छ । समाजको आर्थिक अवस्थाको असमानताका कारण नारीहरु पीडित भएका छन् । यसमा तत्कालीन नेपाली समाजका यथार्थ रहेको छ ।प्रस्तुत खण्डकाव्यमा नेपाली समाज र संस्कृतिका बारेमा निम्न श्लोकबाट स्पष्ट पार्न सकिन्छः

धैर्य हो धर्म, नारीको कर्म, भक्ति हो नारीको श्रृङ्गार,
पीर्ति हो मर्म, हओस् शर्म आज धेरी लाल आँखा नपार ।
(देवकोटा, २००२, पृ.३८)।

उपर्युक्त श्लोकमा साधारण बोलीचालीका गृहस्थीका आदर्श शीलस्वभाव नायक गोरेबाट प्रकट भएका छन् ।सुख दूःखका समयमा नारीले एउटा आदर्शमय गृहस्थीको भूमिका निर्वाह गर्दछन् र ती आदर्श विचारहरुलाई परिवारका सदस्यहरुमा बाडनु पर्दछ भन्ने विचार नायक गोरेका अभिव्यक्तिबाट आएका छन् ।सानीमा सिन्धुले कुञ्जिनीको अवस्थाको बारेमा ठालु सिंहसँग व्यक्त हुँदा त्यसको प्रतिउत्तरमा ठालु सिंहले भनेका कुराले नेपाली संस्कृति र संस्कारलाई निम्नानुसार अभिव्यक्त भएको छः

'ईश्वरको भक्त भएर मर्छु संसार हेर्दिनँ,
भन्दछिन् छोरी, दुई आँखा भरी, बिहा त गर्दिनँ।
'क्वै भन्छ लाटी १ म बिहा गर्छु रु के छाँटकी मान्छे हो १
आशकै छैन, ईशक छैन, बेकारी रुञ्चे हो ।
(देवकोटा, २००२, पृ.६४)।

उपर्युक्त श्लोकमा गहिरो आत्मिक प्रेमबन्धनमा बाँधिएकी कुञ्जिनीले समाजका निम्ति जे भन्नु पर्थो त्यही भनेको र बुबा ठालु सिंहले पनि बुबाको तर्फबाट समाजका निम्ति जे भन्नु पथ्र्यो त्यही विषय प्रस्तुत भएको छ । उक्त विचारहरु मार्मिक, सटिक र मानवीय हिसावले मानवीय र अमानवीय व्यावहारहरु प्रकट भएका छन् । यहाँ आदर्श मूल्य मान्यताको संयोजन भएको छ । काव्यमा आत्मिक प्रेम र समाजको यथार्थ भए पनि मानव कर्मलाई बढी महत्व दिइएको छ । मानव कर्मले नै प्राथमिकता पाएको छ ।

**परोपकार र मानवतावाद**

कुनै पनि मानव जीवनमा विविध प्रकारका सुखदूःख आउने गर्दछन् । त्यही सुखदुःखलाई राम्रोसँग सहेर अगाडि बढ्नु मानवीय कर्तव्य हो । सुख दुःख सहेर अगाडि बढदा त्यसले सफलता प्राप्त गर्दछ । मानव सधै सुख दुःखमा रमाउन सक्नु पर्दछ । मानवले अन्य कुनै प्रकारलाई गौण रूपमा लिइएर मानवीय परोकारका आधारमा हेरिनु पर्दछ भन्ने धारणा प्रस्तुत गरेको छ । प्रस्तुत खण्डकाव्यमा मानवीर गुरुङले र गोरे राउत कुञ्जिनीलाई छोडेर जर्मन लडाइँमा जानलाग्दा उसले समय सान्दर्भिक रुपले मानवता देखाएको छः

'हलुङ्गा हामी न ज्यानको माया न घरका उज्याला,
काल आए मलाई लिएर जाला,
ज्यान दिई तम्रो, बचाउँला ज्यान,
पीर्तिका दियाला ।
नमान चिन्ता, नमान सुर्ता, अबीर लावामा,
फर्काउने भारा मेरो भो साथी!पहाडी हावामा ।
(देवकोटा, २००२, पृ.५२)

उपर्युक्त श्लोकमा मानवीरले गोरे राउतलाई सम्झाउदै भन्दछ तिमीले युद्ध जितेर आएका खण्डमा सबै मानिसहरु लावा लस्कर लागेर अबिर लिइएर आउने छन् र तिम्रो जय जय कार गर्ने छन् । कुनै पनि प्रकारको पीर नमान भनेर मानवता प्रकट गरेको छ । छोरी कुञ्जिनीको विवाह छिन्नका लागि गजुरी पिँडा गएका ठाल सिंहलाई फर्काउने प्रयासमा पनि सिन्धुले मानवीयता प्रकट गरेकी छन्

'नखप्न सकी नदेख्न सकी कुञ्जिनी – विरह
बादल रुदाँ रोए झैँ फूल, कविको फुट्दा विरहमूल, आँखाका तरह !
ती सिन्धु गइन् गजुरी–पिँडा,
रुझेकी चरी बिजुली देखी तर्सेकी तरह ।
(देवकोटा, २००२, पृ.६१)

यस श्लोकमा अर्काको दुःख, पीडा, वेदना र विरहलाई आफ्नै ठानी अरुसँग गरिने उत्तरदायी व्यवहारमा मानवता भाव प्रकट भएको छ । प्रस्तुत खण्डकाव्यमा उपस्थित भएकी पात्र सिन्धुले जे जस्तो व्यवहार देखाएकी छ त्यसमा व्यक्ति, परिवार र समाजको हितमा काम गर्दै एउटी नारीले अर्की नारीका पीर मर्कालाई राम्रोसँग बुझ्ने काम भएको छ । नारीले नारीको सम्मान गरेको छ । नारीले नारीको पीर मर्का बुझेको छ । तर अस्थिर चरित्र भएका कुञ्जिनीका बुबा ठालु सिंहमा मानवीयताभन्दा अमानवीयता बढी भएको देखिन्छ र जसका कारण खण्डकाव्यमा उपस्थित भएका पात्र गोरे राउत र कुञ्जिनीले अमानवीय व्यवहार सहनु परेको छ ।

**निष्कर्ष**

सामाजिक तथा मानवीय भावनाहरुको प्रतिनिधित्व गरेका महाकवि देवकोटाका खण्डकाव्यहरुमध्ये 'कुञ्जिनी खण्डकाव्यलाई पनि प्रमुख मानिन्छ । यस खण्डकाव्यमा समाजको यथार्थतालाई काव्यमा विस्तृत चर्चा गरिएको छ।मानवीयता र अमानवीयताको द्धन्द्धले काव्यमा प्राथमिकता पाएको छ।दैविक प्रेमभन्दा आत्मिक वा प्राकृतिक प्रेमतिर समाज रुपान्तरण भएको छ । प्रस्तुत अध्ययनमा गुणात्मक विधिको प्रयोग गरी निष्कर्षमा पुगिएको छ । 'कुञ्जिनी खण्डकाव्यलाई प्राथमिक सामग्री र त्यस सँग सम्बन्धित अन्य सामग्रीहरुलाई द्धितीय सामग्रीका रूपमा अवलम्बन गरिएको छ । प्रकृतिको मानवीकरण तथा प्राकृतिक सौन्दर्यका विविध पक्षलाई जोडी सामाजिक यथार्थकै धरातलका रूपमा कविले यसलाई प्रकृतिकाव्यमा उभ्याउने प्रयास गरेका छन् । पौराणिक आदर्शहरुको पक्षलाई काव्यमा सामाजिक पक्षहरुको जीवनलाई सार्थकतातिर मोडन सक्ने सामाथ्र्य राखेका छन् । प्रस्तुत काव्यमा मानवीयताका विविध आदर्श एवम् मूल्य मान्यताहरु प्रकट भएका छन् ।कविले मुख्यतः आत्मिक प्रेमद्धारा मानव जीवनको शाश्वत पक्षलाई स्पष्ट पार्दै मानवतावादी दर्शनकै केन्द्रीयतामा सामाजिक यथार्थता प्रकट गरेका छन् । मानवता अमानवताबिच द्धन्द्ध सिर्जना गराएर कविले मानवकर्तव्य र मूल्यको बोध गर्न सहज वातावरण बनाएका छन्।काव्यमा प्रस्तुत भएका अभिव्यक्ति मानवतावादी चिन्तन र आध्यात्मिक प्रकृति चिन्तनका रूपमा आएका छन् । यसमा आत्मिक प्रेम र मानवता, राष्ट्रियभाव र मानवता, प्रकृति र मानवता, सामाजिक र मनवता र परोपकार र मावताको विश्लेषण गरिएको छ । मानवता र समाज बिचको राम्रो सम्बन्धले नारीहरूको हितहुने कुरा उल्लेख गरिएको छ । मानिस मानिस बिचको सम्बन्धको बाधक तत्वका रूपमा आर्थिक पक्ष देखापरेको छ । समाजको आर्थिक तत्वका कारण नारीहरूले आफ्नो चोखो प्रेमबाट बञ्चित हुनु परेको अवस्था छ।विशेषतः अर्काको हित एवम् कल्याणकारी भावनाबाट कुञ्जिनीले आफ्नो जीवनलाई बलीदानीपूर्ण तरिकाले अर्पण गरेकी छिन।यसैका आधारमा प्रस्तुत अनुसन्धानात्मक कार्यलाई निष्कर्षमा पुर्याइएको छ ।

**लेखकको परिचय**

नेपाल संस्कृत विश्वबिद्यालयबाट नेपाली विषयमा विद्यावारिधि हासिल गरेका डा. सर्बराज रोकाय मध्य-पश्चिम विश्वबिद्यालयको आंगिक क्याम्पस गुमीमा उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ। उहाँ साहित्य लेखन र नेपाली भाषा साहित्यको अनुसन्धानमा रुचि राख्नु हुन्छ ।

**सन्दर्भसूची**

अवस्थी, महादेव (२०६१). लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, काठमाडौंः एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

अर्याल, भैरव (२०३०). नेपाली काव्यमा प्रकृति, काठमाडौंः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

चापागाई, नरेन्द्र (२०३८). केही कृति, केही प्रकृति, ललितपुरः  साझा प्रकाशन।
जोशी, रत्नध्वज (२०१०). दुई प्रतिनिधि कवि, प्रगति (वर्ष १, अङ्क ३) पृ. १२२—१२९।
जोशी, कुमारबहादुर (२०४०).  कविता चर्चा, ललितपुरः  साझा प्रकाशन।
जोशी, ताराप्रसाद (२०४५). नेपाली कविता सङ्ग्रह, भाग २, चौं सस्क. काठमाडौं M मोहनप्रसाद।
. देवकोटा, लक्ष्मीप्रसाद (२०३०). सुलोचना (छैं.सस्क.) ललितपुरः साझा प्रकाशन।
.................... (२०४९). कुञ्जिनी (छैं.सस्क.) ललितपुरः साझा प्रकाशन।
.................. (२०७१). मुनामदन (छब्बीसौँ सस्क.) ललितपुरः साझा प्रकाशन।
पोखरेल, भानुभक्त (२०२५). महाकवि देवकोटाक केही विषेशाङ्कहरु, भानु (वर्ष ५, अङ्क १२) पृ. १७८—१८४।
त्रिपाठी, बासुदेव (२०३०). सिंहावलोकन (द्धि.सस्क.) ललितपुरः साझा प्रकाशन।
पाण्डे, नित्यराज (२०१७). महाकवि देवकोटा, पुलचोकः मदन पुरस्कार गुठी।
भट्टराई, घटराज (२०३७). लक्ष्मीप्रसाद देवकोटाः व्यक्ति र कृति, मधुपर्क (वर्ष ११, अङ्क ६) पृ. ७९—९३।
वाग्ले,चिरञ्जीवी (२०२७). साकुन्तल महाकाव्य, मधुपर्क (वर्ष ३, अङ्क ९) पृ. २—१६।
शर्मा, ताना (२०२७). नेपाली साहित्यको इतिहास, काठमाडौंः सहयोगी प्रकाशन।
श्रेष्ठ, वंशी (२०२५). महाकवि देवकोटामा अङ्ग्रेजी रोमान्टिक कविहरुको प्रभाव, भानु (वर्ष ५, अङ्क १२) पृ. ३१३—३३५